INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

DOI: https://doi.org/10.3126/irj.v4i1.79522

व्याकरणिक संसक्तिका दृष्टिले गङ्गारामको न्याय एकाङ्की

डा. केशव भुसाल

नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि. वि. कीर्तिपुर

keshabbhusal.tu@gmail.com

लेखसार

प्रस्तुत लेख व्याकरणिक संसक्तिका दृष्टिले 'गङ्गारामको न्याय' एकाङ्कीको अध्ययनमा आधारित छ । यसको मुख्य उद्देश्य 'गङ्गारामको न्याय' एकाङ्कीमा निहित व्याकरणिक संसक्तिको अध्ययन गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यअन्तर्गत 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिको पहिचान र अध्ययन गर्नु रहेका छन् । प्रस्तुत अध्ययन ज्ञानमीमांसाअन्तर्गत व्याख्यात्मक ढाँचामा केन्द्रित छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । यसमा सोद्देश्यमूलक तरिकाले 'गङ्गारामको न्याय' एकाङ्कीलाई अध्ययनीय कृतिका रूपमा छनोट गरिएको छ । यस अध्ययनमा निर्दिष्ट कृतिबाट प्राप्त तथ्यहरूलाई प्राथमिक स्रोतीय सामग्रीका रूपमा लिइएको छ भने संसक्ति र यससम्बद्ध अध्ययन, अनुसन्धानहरुलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्यहरूलाई पाश्चात्य भाषावैज्ञानिकहरू हालिडे र हसनद्वारा प्रस्तुत संसक्तिसम्बन्धी सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनका आधारमा 'गङ्गारामको न्याय' एकाङ्कीमा सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन व्याकरणिक संसक्तिको प्रयोग गरिएको, व्याकरणिक संसक्तिका विभिन्न भेदमध्ये सन्दर्भन संसक्तिको अधिक प्रयोग गरिएको, एकाङ्कीमा प्रयुक्त व्याकरणिक संसक्तिहरू पाश्चात्य भाषावैज्ञानिक हालिडे र हसनद्वारा प्रस्तुत अवधारणासँग मूलतः मिल्दाजुल्दा

रहेका, एकाङ्कीमा प्रयुक्त व्याकरणिक संसक्तिबाट विषयवस्तु र घटनाक्रमको संयोजनमा अपेक्षाकृत भूमिका निर्वाह भएको लगायतका निष्कर्ष निकालिएको छ ।

प्रमुख शब्दावली **:** *व्याकरणिक संसक्ति, सन्दर्भन, विलोपन, प्रतिस्थापन, संयोजन ।*

अध्ययनको पृष्ठभूमि

संसक्ति कुनै पनि सङ्कथन वा पाठमा प्रयोग भएका वाक्यहरूलाई एकआपसमा संयोजन गर्ने युक्ति हो । स्टब्स (सन् २००१) का अनुसार “संसक्तिले पाठको सतही संरचनामा उपलब्ध हुने भाषिक विशेषतालाई निर्देश गर्छ” (पृ. ३०६) । वास्तवमा संसक्तिहरू भाषिक स्वरूपमै देखा पर्छन् । जसले भाषिक अभिव्यक्ति वा विचारलाई संरचनात्मक रूपमा जोड्ने काम गर्छन् । हालिडे र हसन (सन् १९९१) का दृष्टिमा “कुनै पनि पाठमा पहिलो वाक्यबाहेकका प्रत्येक वाक्यमा संसक्तिका केही रूप हुन्छन्” (पृ. २९३) । संसक्तिबाट पाठमा प्रस्तुत विचारलाई एकत्रित गर्न र पाठलाई पाठ्यात्मक बनाउन सघाउ पुग्छ । जटिल वाक्यात्मक सन्दर्भमा संसक्तिले उपवाक्यमा प्रस्तुत विषयवस्तुलाई जनाउन र सरल वाक्यात्मक सन्दर्भमा वाक्यान्तरिक विषय वा पाठेतर सन्दर्भलाई दर्साउँछन् । संसक्ति युक्तिलाई भाषिक अभिव्यक्तिलाई पारस्परिक तुल्याउने सम्बन्ध तत्त्व वा सिक्रीका रूपमा व्याख्या गर्न सकिन्छ । यसका व्याकरणिक संसक्ति र कोशीय संसक्ति गरी दुई प्रकार रहेका छन् । जसमध्ये व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्ति पर्छन् भने कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति र सन्निधान संसक्ति पर्छन् ।

सङ्कथन वा पाठमा प्रयुक्त व्याकरणिक एकाइद्वारा सृजित संसक्तिलाई व्याकरणिक संसक्ति भनिन्छ । व्याकरणिक संसक्ति सङ्कथनको संरचनात्मक विषयसँग सम्बन्धित रहेको हुन्छ । यसलाई वाक्यको सीमापार वाक्य-वाक्यका बिच अन्तर्भूत व्याकरणिक विशेषताका रूपमा व्याख्या गरिएको पाइन्छ । व्याकरणिक संसक्तिका माध्यमबाट साङ्कथनिक एकत्व र संसक्तता सिर्जना हुन्छ । परिणामस्वरूप सङ्कथन सङ्कथनका रूपमा र पाठ पाठका रूपमा दरिन पुग्छन् । वस्तुतः भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६/१९९१) ले व्याकरणिक संसक्तिका आधारभूत प्ररूप उपलब्ध गराएका छन् । जसअन्तर्गत सन्दर्भन, प्रतिस्थानपन, विलोपन र संयोजन पर्दछन् ।

व्याकरणिक संसक्तिका यी प्ररूपले सङ्कथन वा पाठको व्याख्या, विश्लेषणमा प्रायोगिक आधार प्रदान गर्दछन् ।

साहित्यिक कृति वा रचनाको अध्ययन, विश्लेषण निश्चित सिद्धान्त वा मान्यताका आधारमा गरिन्छ । एलेन र कर्डर (सन् १९७८) का अनुसार "परस्परमा सम्बन्धित वाक्यहरूलाई पाठका रूपमा र सम्बन्धित अवस्थाको अध्ययनलाई पाठ विश्लेषणका रूपमा लिन सकिन्छ" (पृ. २००) । संसक्तिपरक सिद्धान्तलाई आधार बनाई साहित्यिक विधा वा पाठमा प्रस्तुत विषयवस्तु परस्परमा संयोजित भएनभएको, व्यक्त अभिव्यक्तिका बिच पूर्वापर सम्बन्ध रहेनरहेको, कृति वा रचना संरचनात्मक दृष्टिले अन्वितियुक्त एवम् सान्दर्भिक भएनभएको पत्ता लगाउन सकिन्छ । नेपालका सन्दर्भमा संसक्ति युक्तिले पाठ निर्माणमा खेलेको भूमिकाबारे कमै अध्ययन भएको पाइन्छ । त्यसमा पनि एकाङ्की विधामा आधारित भई यस किसिमको अध्ययन, अनुसन्धान खासै भएको देखिँदैन । जसलाई अध्ययनीय रिक्तताका रूपमा लिई प्रस्तुत अध्ययनन गरिएको छ । यस क्रममा व्याकरणिक संसक्ति प्रयोगका दृष्टिले एकाङ्कीकार अशेष मल्लद्वारा लिखित गङ्गारामको न्याय एकाङ्कीको अध्ययन गरिएको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययन ज्ञानमीमांशाअन्तर्गतको व्याख्यात्मक ढाँचामा आधारित छ । यसमा गुणात्मक अनुसन्धानको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा सोद्देश्यमूलक तरिकाले एकाङ्कीकार अशेष मल्लद्वारा लिखित 'गङ्गारामको न्याय' एकाङ्की छनोट गरिएको छ । जसलाई यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यस अध्ययनमा संसक्ति र यससँग सम्बन्धित रही चर्चा गरिएका सैद्धान्तिक सामग्रीहरू तथा प्रायोगगिक कार्यहरूलाई द्वितीयक स्रोतीय सामग्रीका रूपमा अनुप्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानमा प्राप्त तथ्यहरूलाई भाषावैज्ञानिक हालिडे र हसन (सन् १९७६, १९९१) द्वारा प्रस्तुत संसक्तिसम्बद्ध सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा व्याकरणिक संसक्तिका सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिको सूक्ष्म अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्यलाई विभिन्न शीर्षकमा व्याख्या, विश्लेषण गरिएको छ । व्याख्या, विश्लेषणलाई प्रभावकारी बनाउन आवश्यकतानुसार उदाहरणहरू समेत प्रस्तुत गरिएको छ ।

व्याख्या-विश्लेषण

‘गङ्गारामको न्याय’ एकाङ्की एकाङ्कीकार अशेष मल्लद्वारा लेखिएको एकाङ्की हो । यो एकाङ्की सामाजिक विषयवस्तुमा आधारित छ । यस एकाङ्कीमा हर्के र बिर्खेलाई मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । उनीहरूका बिचमा कुवा र कुवाको पानी किनबेचको विषयमा विवाद भएको देखाइएको छ । आपसी छलफल र तर्कवितर्कबाट विवाद समाधान नभएपछि उनीहरू गङ्गारामकहाँ न्यायका लागि पुगेको र गङ्गारामले न्याय दिलाइदिएको सन्दर्भ प्रस्तुत गरिएको छ । एकाङ्कीमा प्रस्तुत यस किसिमको विषयवस्तुलाई परस्परमा संयोजित तुल्याउन व्याकरणिक संसक्तिले भूमिका निर्वाह गरेको देखिन्छ । जसलाई निम्नानुसारका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

‘गङ्गारामको न्याय’ एकाङ्कीमा व्याकरणिक संसक्ति

‘गङ्गारामको न्याय’ एकाङ्कीमा विभिन्न किसिमका व्याकरणिक संसक्तिको प्रयोग गरिएको छ । यस एकाङ्कीमा व्याकरणिक संसक्तिअन्तर्गतका सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्तिको प्रयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा प्रयुक्त व्याकरणिक संसक्ति र यसअन्तर्गतका भेदोपभेदहरूको स्थितिलाई निम्नानुसार व्याख्या, विश्लेषण गरिएको छ :

सन्दर्भन

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त सन्दर्भन संसक्ति (व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक) को अध्ययन निम्नानुसार गरिएको छ :

व्यक्तिवाचक सन्दर्भन

गङ्गारमको न्याय एकाङ्कीमा प्रयुक्त निम्नानुसारका वाक्यहरूमा व्यक्तिवाचक सन्दर्भकहरू प्रयोग गरिएका छन् :

म सूत्रधार हुँ । अब म नाटक देखाउँछु । त्यहाँ एक सज्जन थिए । तिनको नाम गङ्गाराम थियो । गाउँलेहरू उनलाई श्रद्धा गर्दथे । उनले भनेको कसैले नाइँ भन्दैनथे । तैँले भनेर हुन्छ ? तैंले मलाई बेचेको होस् कि होइनस् ? मैलै कहिले भनेँ बेचेको होइन भनेर ? तैँ पढ् न । तैँ पढ् । लेख्ने तँ होस् कि होइनस् ? यस कागजमा कुवा बेचेको कुरा लेख्ने मै हुँ । सही पनि मैले नै गरेँ

- तर हेर् बाबु ! मैले त तँलाई कुवा पो बेचेको, पानी त बेचेको होइन नि ! म अरू कुरा जान्दिनँ । मैले तँलाई कुवा बेचेको हो । पानी नदिने भए म कुवा मात्रै किन्थेँ ? मलाई के थाहा ? मलाई मूर्ख भन्ने ? उनलाई सोधौँ, कुवा मैले किनेपछि पानी मेरो हुन्छ कि हुँदैन ? दुवै हिँड्छन् । दुवै : नमस्कार, गङ्गाराम बा ! म साह्रै अन्यायमा परेँ । हर्केसँग मैले कुवा किनेको थिएँ । यसले कुवा किनेकै हो । तँ चुप लाग् । म भन्छु ।- अहिले पानी निकाल्न जाँदा यसले पानी दिन्नँ भन्छ । मैले दिन्नँ भनेको हुँ । मैले पूरापूरा पैसा दिइसकेको छु । यसले पूरा पैसा दिइसकेको साँचो हो । मैले कुवा बेचेपछि यो कागज गरेँ । यस कागजमा हामी दुवैको सही छाप छ । यहाँ कुवा बेचेको कुरा मात्र छ । मैले पानी बेचेको कुरा यो कागजमा छैन । यसलाई मैले पानी बेचेकै छैन, कुवा पो बेचेको । यो त अन्याय भयो हजुर ! म चित्त बुझ्ने गरी न्याय गरिदिन्छु । कागजमा पानी बेचेको कुरा कतै नदेखिएकाले तैँले पानी चलाउन पाउँदैनस् । म त ठहरै मरेँ । त्यो पानी नभएको कुवा लिएर के गर्नु मैले ? लौ त म गएँ । कुवा यसको, पानी मेरो, फैसला सकियो नि ! ठिक भनिस्, कुवा बिर्खेको, पानी तेरो, फैसला त सकियो । तर हेर्, कुवा बिर्खेको भएपछि अर्काको कुवामा पानी राख्ने तँलाई के अधिकार ? तेरो घरमा यो बस्न आयो भने तँ यसलाई बस्न दिन्छस् ? अब म फैसला गर्छु हेर् । तैँले कुवा मात्र बेचेको हो, कुवा बिर्खेको, पानी तेरो । तैँले जुन दिन त्यो कुवा बेचिस् । अर्काको कुवामा राखेपछि त भाडा तिर्नुपर्छ । तँ भन् तँलाई चित्त बुझ्यो कि बुझेन ? मलाई माफ गर्दिनुहोस् गङ्गाराम बा ! मैले बिनसित्ति निहुँ खोजेँ । (बिर्खेतर्फ फर्केर) मलाई माफ गरिदे बिर्खे - त्यो कुवाको पानी पनि तेरै हो । मैले तँलाई त्यसै दुःख दिएँ, मलाई माफ गरिदे बिर्खे, माफ गरिदे । अब तिमीहरू मिलेर जाओ । एउटै गाउँमा बसेपछि एक-अर्काले मद्दत गर्नुपर्ने, मिलेर बस्नुपर्नेमा बेइमानी गरेर, झगडा गरेर नचाहिँदो कुरामा निहुँ खोज्ने हो भने कसरी उन्नति हुन्छ ? हजुरले आज मेरो आँखा खोलिदिनुभयो । दुवै नमस्ते गर्दै जान्छन् । सबैलाई नमस्कार ! कस कसलाई मन पऱ्यो ? कसलाई मन परेन ? मन नपरे किन परेन, झट्ट मलाई भन । झट्ट मलाई भन, झट्ट मलाई भन ।

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका व्यक्तिवाचक सन्दर्भकहरू प्रयोग गरिएका छन् :

म, म, तिनको, उनलाई, उनले, कसैले, तैंले, तैंले, मलाई, मैले, तैँ, तैं, तँ, मै, मैले, मैले, तँ, म, मैले, तँ, म, म, म, उनलाई, मैले, मेरो, दुवै, दुवै म, मैले, यसले, तँ, म, यसले, मैले, मैले, यसले, मैले, हामी, मैले, यसलाई, मैले, यो, म, तैंले, म, त्यो, मैले, म, यसको, मेरो, तेरो, अर्काको, तँ, तेरो, यो, तँ, यसलाई, म, तैंले, तेरो, तैंले, त्यो, अर्काको, तँ, तँलाई, मलाई, मैले, मलाई, त्यो, तेरै, मैले, तँलाई, मलाई, तिमीहरू, एकअर्काले, हजुरले, मेरो, दुबै, सबैलाई, कसकसलाई, कसलाई, मलाई, मलाई, मलाई ।

जम्मा सङ्ख्या : ८५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा कुल ८५ ओटा व्यक्तिवाचक सन्दर्भकहरू प्रयोग गरिएका छन् । जसमध्ये म, तँ, ऊ, यो, त्यो सन्दर्भक र यसका तिर्यक रूपको अधिक प्रयोग र अन्य सन्दर्भकको कम प्रयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा प्रयुक्त सन्दर्भकहरूले निम्नानुसारका व्यक्तिलाई निदर्शित गरेका छन् । जसलाई अनावृत्त रूपमा प्रस्तुत गरिएको छ :

व्यक्तिवाचक सन्दर्भक	सन्दर्भित व्यक्ति वा वस्तु
म	सूत्रधार, हर्के, बिर्खे, गङ्गाराम,
तिनको	गाउँमा रहेका व्यक्तिको
उनलाई	गङ्गारामलाई
उनले	गङ्गारामले
कसैले	कुनै पनि व्यक्तिले
तैंले	बिर्खे, हर्के
मलाई	बिर्खे, हर्के, सूत्रधार
मैले	हर्के, बिर्खे
तँ, तैं	बिर्खे, हर्के
मेरो	बिर्खेको, हर्केको
दुवै	हर्के, बिर्खे
यसले	हर्के, बिर्खे
हामी	हर्के, बिर्खे
यसलाई	बिर्खेलाई

यो	बिर्खे
त्यो	कुवा
यसको	बिर्खेको
तेरो	हर्केको
अर्काको	अरु व्यक्तिको
तँलाई	बिर्खेलाई, हर्केलाई
तिमीहरू	हर्के र बिर्खे
एकअर्काले	हर्के र बिर्खेले
हजुरले	गङ्गारामले
सबैलाई	सबै दर्शकहरूलाई
कसकसलाई, कसलाई	दर्शकमध्येलाई

उल्लिखित तालिकाअनुसार गङ्गारमको न्याय एकाङ्कीमा सूत्रधारले आफूलाई चिनाउने सन्दर्भमा 'म' सन्दर्भकको प्रयोग गरेको छ। सज्जन व्यक्तिका रूपमा रहेका गङ्गारामलाई जनाउन 'तिनी', 'उनी', 'हजुर' सन्दर्भकको प्रयोग गरिएको छ। कुवा बेचबिखनको झगडामा संलग्न हर्के र बिर्खेले एकअर्कालाई जनाउन '**तँ**', 'म' 'यो', अर्को सन्दर्भकको प्रयोग गरेका छन्। हर्के र बिर्खेलाई जनाउन 'दुवै' र 'हामी' सन्दर्भकको प्रयोग गरिएको छ। गङ्गारामद्वारा झगडा मिलाउने सन्दर्भमा परस्परमा मिल्नुपर्ने अभिप्राय प्रकट गर्न 'एकअर्का' सन्दर्भकको प्रयोग गरिएको छ। एकाङ्कीको अन्तमा सूत्रधारद्वारा नाटक सकिएको जनाउन नमस्कार गर्दा 'सबै' (सबैलाई नमस्कार) सन्दर्भकको प्रयोग गरिएको छ। जसले बहिः सन्दर्भकका रूपमा नाटक हेर्ने दर्शकहरूलाई निदर्शित गरी भूमिका निर्वाह गरेको देखिन्छ। यस किसिमले व्यवहृत व्यक्तिवाचक सन्दर्भकद्वारा 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रस्तुत विषयवस्तु संयोजनमा महत्तम सघाउ पुगेको देखिन्छ।

दर्शकवाचक सन्दर्भन

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त निम्नानुसारका वाक्यहरूमा दर्शकवाचक सन्दर्भकहरू प्रयोग गरिएका छन् :

यो कागजमा सही गर्ने बेलामा आँखा नदेख्ने । त्यो कुवाको पानी दिन्नँ भन्न लाज लाग्दैन ? त्यो कागज राम्ररी हेर् । यस कागजमा कुवा बेचेको छ कि छैन । यस कागजमा कुवा बेचेको कुरा लेख्ने मै हुँ । त्यस कागजमा पानी बेचेको भनेर कहाँ लेखिएको छ ? कागजमा जे लेखेको छ, त्यही कुरा गर् । यो कागज हेर्नुहोस् । मैले कुवा बेचेपछि यो कागज गरेँ । यस कागजमा हामी दुवैको सही छाप छ । यो कागज राम्ररी पढ्नुहोस् । मैले पानी बेचेको कुरा यो कागजमा छैन । यस कागजमा कुवा बेचेको कुरा प्रस्ट लेखिएको छ । तैँले जुन दिन त्यो कुवा बेचिस् । त्यो कुवाको पानी पनि तेरै हो ।

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका दर्शकवाचक सन्दर्भकहरू प्रयोग गरिएका छन् :

यो, त्यो, त्यो, यस, यस, त्यस, त्यही, यो, यो, यस, यो, यो, यस, त्यो, त्यो । जम्मा सङ्ख्या : १५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा कुल १५ ओटा दर्शकवाचक सन्दर्भकहरू प्रयोग गरिएका छन् । जसमध्ये यो, त्यो, यस, त्यस सन्दर्भक र यसका तिर्यक रूपको प्रयोग अधिक मात्रामा गरिएको छ ।

प्रस्तुत एकाङ्कीमा प्रयोग गरिएका दर्शकवाचक सन्दर्भक र तीद्वारा सन्दर्भित विषयवस्तुलाई अनावृत्त तवरले निम्नानुसारको तालिकामा देखाइएको छ :

दर्शकवाचक सन्दर्भक	**सन्दर्भित विषयवस्तु**
यो कागज	कुवा बेच्दा गरिएको कागज
त्यो कागज	कुवा बेच्दा गरिएको कागज
त्यो कुवा	हर्केले बिर्खेलाई बेचेको कुवा
यस कागज	कुवा बेच्दा गरिएको कागज
त्यस कागज	कुवा बेच्दा गरिएको कागज

त्यही कुरा	कागजमा लेखिएको कुरा

उल्लिखित तालिकाअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा हर्केले बिर्खेलाई कुवा बेच्ने क्रममा गराएको कागजलाई तोकेर जनाउनका निम्ति 'यो' सन्दर्भकको प्रयोग गरिएको छ। कुवा बेचेपछि कुवा र कुवामा आधारित भई गरिएको कागज तथा कुवाको पानीलाई टाढैबाट जनाउन 'त्यो' सन्दर्भकको प्रयोग गरिएको छ। कागजको निकटस्थ प्रसङ्ग दर्साउन वा साथमै रहेको देखाउन 'यो' र 'यस' सन्दर्भकको प्रयोग गरिएको छ। यस किसिमले व्यवहृत दर्शकबाचक सन्दर्भकबाट प्रस्तुत एकाङ्की थप संसक्त बनेको छ।

तुलनात्मक सन्दर्भन

'गङ्गारामको न्याय' एकाङ्कीमा पाश्चात्य भाषावैज्ञानिकद्वय हालिडे र हसनले उल्लेख गरेजस्तो किसिमले हुबहु मिल्दा स्वरूपका तुलनात्मक सन्दर्भक नदेखिए पनि निकटस्थ तुलनीय सन्दर्भकका रूपमा केही सन्दर्भकका प्रयोग गरिएको छ। जसलाई निम्नानुसारका वाक्यमा देखाई विश्लेषण गरिएको छ :

यस्तो मूर्ख कुरा कसैले गर्दैन - यस्तो पो न्याय त ! पहिल्यै वुद्धि नपुऱ्याएपछि यस्तै हुन्छ। यस्तो त कहाँ हुन्छ हजुर।

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका तुलनात्मक सन्दर्भकहरू प्रयोग गरिएका छन् :

यस्तो, यस्तो, यस्तै, यस्तो। जम्मा सङ्ख्या : ४

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा ४ ओटा तुलनात्मक सन्दर्भकहरू प्रयोग गरिएका छन्। प्रस्तुत एकाङ्कीमा प्रयुक्त तुलनात्मक सन्दर्भकमध्ये 'यस्तो' सन्दर्भकको मात्र प्रयोग गरिएको छ। यसबाहेक प्रयुक्त 'यस्तै' सन्दर्भकलाई पनि 'यस्तो' सन्दर्भकको तिर्यक रूपका रूपमा लिन सकिन्छ। प्रस्तुत एकाङ्कीमा प्रयुक्त तुलनात्मक सन्दर्भक र तिनले सन्दर्भित गरेको विषयवस्तुलाई निम्नानुसारको तालिकामा देखाइएको छ :

तुलनात्मक सन्दर्भक	**सन्दर्भित विषयवस्तु**

यस्तो मूर्ख कुरा	हर्केले गरेको जस्तो मूर्ख कुरा
यस्तो पो न्याय त	गङ्गारामले गरेको जस्तो न्याय
पहिले बुद्धि नपुऱ्याएपछि यस्तै हुन्छ	बिर्खेले कुवा किन्दा पाएको दुखजस्तै
यस्तो त कहाँ हुन्छ हजुर	कुवामा पानी भएकोमा पैसा तिर्नुपर्नेजस्तो

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त उल्लिखित तुलनात्मक सन्दर्भकमध्ये 'यस्तो' सन्दर्भक हर्केले कुवा मात्र बेचेको पानी नबेचेको भन्दै बिर्खेलाई पानी दिन नचाहेको सन्दर्भमा बिर्खेले व्यक्त गरेको अभिव्यक्तिसँग सम्बन्धित रहेको छ । यसमा समाजका मानिसहरूले अत्तो थाप्ने काम गरेर र मूख्याइँका कुरा गरेर अरुलाई दुख दिने काम गर्छन् भन्ने सन्दर्भसँग जोडेर यस किसिमको प्रयोगलाई तुलनीय ठान्न सकिन्छ । दोस्रो वाक्यमा प्रयुक्त यस्तो पो न्याय त भन्ने वाक्यमा रहेको 'यस्तो' तुलनात्मक सन्दर्भकबाट समाजका प्रतिष्ठित एवम् न्यायकर्मी व्यक्तिले गर्ने न्यायको सन्दर्भसँग 'गङ्गारामको न्याय' लाई तुलना गरिएको मान्न सकिन्छ । त्यसैगरी अर्को वाक्यमा रहेको 'यस्तै' तुलनात्मक सन्दर्भकको प्रयोग बिर्खेले पहिले कुवा किन्दा बुद्धि नपुऱ्याएको सन्दर्भसँग सम्बन्धित रहेको छ । यस प्रयोगलाई काम गर्दा बुद्धि नुपुग्ने अवस्थासँग तुलना गरिएको ठान्न सकिन्छ । यस्तो त कहाँ हुन्छ हजुर वाक्यमा प्रयुक्त 'यस्तो' सन्दर्भकबाट हर्केले कुवामा राखेको पानीको भाडा तिर्ने नसक्ने प्रतिक्रिया जनाएको बोध गर्न सकिन्छ । यस किसिमको प्रयोग चित्त नबुझ्ने सन्दर्भमा व्यक्त गरिने बोलीसँग तुलनीय रहेको छ ।

समग्रतः 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त सन्दर्भन संसक्तिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

तालिका १

''गङ्गारामको न्याय'' एकाङ्कीमा प्रयुक्त सन्दर्भन संसक्तिको समग्र स्थिति

सन्दर्भन संसक्ति	**प्रयुक्त सङ्ख्या**
व्यक्तिवाचक सन्दर्भक	८५

दर्शकवाचक सन्दर्भक	१५
तुलनात्मक सन्दर्भक	४
जम्मा	१०४

यसप्रकार 'गङ्गारामको न्याय' एकाङ्कीमा कुल १०६ वटा सन्दर्भक संसक्तिको प्रयोग गरिएको देखिन्छ । जसमध्ये व्यक्तिवाचक सन्दर्भक संसक्तिको प्रयोग अत्यधिक रहेको छ भने तुलनात्मक संसक्तिको प्रयोग निकै कम रहेको छ ।

प्रतिस्थापन

'गङ्गारामको न्याय' एकाङ्कीमा निहित प्रतिस्थापन संसक्ति र यसका नामिक, क्रियात्मक र उपवाक्यात्मक भेदहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

नामिक प्रतिस्थापन

गङ्गारमको न्याय एकाङ्कीमा रहेका कतिपय सर्वनाम शब्दहरूले नामको सट्टामा आई नामलाई प्रतिस्थापन गरेको पाइने भए पनि हालिडे र हसनको व्याख्याअनुसारका नामिक प्रतिस्थापकहरूको प्रयोग गरिएको देखिँदैन ।

क्रियात्मक प्रतिस्थापन

'गङ्गारामको न्याय' एकाङ्कीमा क्रियात्मक प्रतिस्थापकका रूपमा एउटा दृष्टान्त मात्र पाउन सकिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

त्यो कागज राम्ररी हेर् । तँ पढ् न ।

जम्मा सङ्ख्या : १

उल्लिखित वाक्यहरूमा प्रयुक्त क्रिया र त्यसका प्रतिस्थापनीय स्थितिलाई निम्नानुसारको तालिकामा देखाइएको छ :

क्रियात्मक प्रतिस्थापक	प्रतिस्थापित क्रिया

पढ्	हेर्

उल्लिखित वाक्यको पहिलो वाक्यमा प्रयोग भएको 'हेर्' क्रिया र पछिल्लो वाक्यमा रहेको 'पढ्' क्रियाको आशय प्रयोगगत दृष्टिले समान रहेको छ । निर्दिष्ट एकाङ्कीमा बिर्खेलाई कुवा बेचेको हर्केले कुवा बेचेको कागज राम्ररी हेर्, त्यस कागजमा के लेखेको छ भनी प्रश्न गर्दा त्यसको उत्तरमा बिर्खेले त्यो कागज तै पढ् न भनी जवाफ फर्काएको छ । यस किसिमको संवादले 'हेर्' क्रिया र 'पढ्' क्रियाका बिच प्रतिस्थापनीय स्थिति पैदा भएको छ । परिणामस्वरूप 'हेर्' क्रियालाई 'पढ्' क्रियाले स्थानापन्न गरेको देखिन्छ । यसबाट 'गङ्गारामको न्याय' एकाङ्कीमा संसक्तात्मक स्थिति पैदा भएको छ ।

उपवाक्यात्मक प्रतिस्थापन

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त निम्नानुसारका वाक्यहरूमा उपवाक्यात्मक प्रतिस्थापन व्यवहृत भएको देखिन्छ :

यस्तो मूर्ख कुरा कसैले गर्दैन । के रे ? अहिले पानी निकाल्न जाँदा यसले पानी दिन्नँ भन्छ । ए हर्के हो ? मैले पानी बेचेको कुरा यस कागजमा छैन । के रे ? तर हेर् कुवा बिर्खेको भएपछि अर्काको कुवामा पानी राख्ने तँलाई के अधिकार ? के रे ?

उल्लिखित वाक्यहरूमा अघिल्लो उपवाक्यलाई पछिल्लो उपवाक्यले स्थानापन्न गरेको देखिन्छ । उपवाक्यात्मक प्रतिस्थापकको भूमिकामा रहेका उपवाक्यहङ्लाई निम्नानुसार उल्लेख गरिएको छ :

के रे ? ए हर्के हो ? के रे ? के रे ?

जम्मा सङ्ख्या : ४

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त उपवाक्यात्मक प्रतिस्थापक र तीद्वारा प्रतिस्थापित उपवाक्यलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

उपवाक्यात्मक प्रतिस्थापक	प्रतिस्थापित उपवाक्य
के रे	यस्तो मूर्ख कुरा कसैले गर्दैन
ए हर्के हो ?	कुवाको पानी दिन्न भनेको हो ?

INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

के रे	मैले पानी बेचेको कुरा यस कागजमा छैन
के रे	अर्काको कुवामा पानी राख्ने के अधिकार ?

यसअनुसार ‘गङ्गारामको न्याय’ एकाङ्कीमा ‘के रे’ भनी गरिएको प्रश्नात्मक वाक्यांशले ‘यस्तो मूर्ख कुरा कसैले गर्दैन’ भन्ने उपवाक्यलाई प्रतिस्थापित गरेको छ । ‘ए हर्के हो ?’ भनी सोधिएको प्रश्नले ‘कुवाको पानी दिन्न भनेको हो’ भन्ने वाक्यलाई स्थानापन्न गरेको छ । ‘के रे’ भनी गरिएका अरु प्रश्नले क्रमशः मैले पानी बेचेको कुरा यस कागजमा छैन, अर्काको कुवामा पानी राख्ने के अधिकार ? भन्ने वाक्यहरूलाई प्रतिस्थापन गरेका छन् । ‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त यस किसिमका उपवाक्यात्मक प्रतिस्थापकबाट एकाङ्कीमा प्रस्तुत विषयवस्तुलाई परस्परमा संयोजन गर्न सघाउ पुगेको देख्न सकिन्छ ।

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयोग गरिएका प्रतिस्थापन संसक्ति र तिनको स्थितिलाई समग्रतः निम्नानुसार देखाउन सकिन्छ :

प्रतिस्थापन संसक्ति	प्रयुक्त सङ्ख्या
नामिक प्रतिस्थापक	-
क्रियात्मक प्रतिस्थापक	१
उपवाक्यात्मक प्रतिस्थापक	४
जम्मा	५

यसअनुसार ‘गङ्गारामको न्याय’ एकाङ्कीमा कुल ५ ओटा प्रतिस्थापक संसक्तिको प्रयोग गरिएको छ । एकाङ्कीमा प्रयुक्त प्रतिस्थापक संसक्तिमध्ये सबैभन्दा बढी उपवाक्यात्मक प्रतिस्थापन संसक्तिको प्रयोग गरिएको छ । त्यसपश्चात क्रियात्मक प्रतिस्थापक संसक्तिको प्रयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा नामिक प्रतिस्थापक संसक्तिको भने प्रयोग गरिएको देखिँदैन ।

विलोपन

'गङ्गारामको न्याय' एकाङ्कीमा निहित विलोपन संसक्ति र यसका नामिक, क्रियात्मक र उपवाक्यात्मक भेदहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

नामिक विलोपन

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त निम्नानुसारका वाक्यमा नामिक विलोपनको स्थिति रहेको देखिन्छ । जसलाई (विलुप्त नामिक शब्दलाई) कोष्ठकमा उल्लेख गरिएको छ :

(सूत्रधारले) दर्शकतिर फर्केर अभिवादन गर्छ । (सबैलाई) नमस्कार । अब म (तपाईँहरूलाई) नाटक देखाउँछु । त्यहाँ एक सज्जन (व्यक्ति) थिए । (पानी) दिन्न भनेपछि दिन्न । तैंले मलाई (कुवा) बेचेको होस् कि होइनस् ? मैलै (तँलाई) कहिले भनैं (कुवा) बेचेको होइन भनेर ? (कुवा) बेचेको पनि भन्छस्, पानी लिन जाँदा (तैँले) पानी चाहिँ दिन्नँ भन्छन् । यो कागजमा सही गर्ने बेलामा (तैंले) आँखा नदेख्ने, (तैंले) पैसा पनि छनछन गनेर लिने, अहिले त्यो कुवाको पानी दिन्नँ भन्न लाज लाग्दैन (तँलाई) ? (तैंले) त्यो कागज राम्ररी हेर् । लौ (तँ) भन् त । (तैंले) कुवा बेचेपछि पानी किन लेख्नुपर्‍यो ? हेर् (हर्के) निहुँ खोज्ने कुरा नगर् है ! (मैले) निहुँ खोजेको होइन । (तैंले) कानुनी कुरा गर्, कानुनी । कागजमा जे लेखेको छ, (तैंले) त्यही कुरा गर् । (तैंले) पानी नदिने भए म कुवा मात्रै किन्थैँ ? (तैंले) किन्ने बेलामा बुद्धि पुर्‍याउनुपर्थ्यो । अत्तो थाप्ने कुरा नगर् (हर्के) । (तैंले) मलाई मूर्ख भन्ने ? (तँ) जा । (पानी) दिन्नँ । (तँ) के गर्छस् । (तँ) जा । (तैँले) साँच्चै दिन्नस् ? (म) दिन्नँ । (हामीले) उनलाई सोधौँ । (हामी) गई त हेरुँ ! न्याय-अन्याय छुट्टयाइदिने गङ्गाराम हुँदाहुँदै (तँ) किन बढी कुरा गर्छस् ? (तिमीहरू) आज कताबाट आइपुग्यौ ? (तिमीहरूलाई) के भयो ? (पानी) दिन्नँ भन्छ रे ! मैले (पानी) दिन्नँ भनेको हुँ । (गङ्गाराम बा !) यो कागज राम्ररी पढ्नुहोस् । पख्-पख् (बिर्खे), चुप् लागेर बस् । (तँ) जेसुकै गर् । किन्ने बेलामा (तैंले) किन आँखा देखिनस् त ? (तैंले) पहिल्यै बुद्धि नपुर्‍याएपछि यस्तै हुन्छ । पख्-पख् (हर्के), (मेरो) फैसला अझै सकिएको छैन । अब के (फैसला) बाँकी छ र ? (तैंले) ठिक भनिस् । (तैंले) एक दिन, दुई दिन, दुई- चार दिन बस्न देलास् ! तर (तैंले) सधैँ बस्न त पक्कै पनि नदेलास् । (तैंले) सधैँ बस्न दिन्छस् ? (तैंले) त्यस दिनदेखि अर्काको कुवामा पानी राखेबापत दिनको दुई रूपैयाँ भाडा बिर्खेलाई दिनुपर्छ । (तैंले) अर्काको कुवामा (पानी) राखेपछि त भाडा तिर्नुपर्छ । (मलाई) माफ गरिदे ! सबैलाई (मेरो) नमस्कार ! (तिमीहरूले)

'गङ्गारामको न्याय' हेऱ्यौ । (तिमीहरूले) मनले कति गुन्यौ ? लौ भन (तिमीहरूले) कति गुन्यौ ? (तिमीहरूले) मनले कति गुन्यौ ? लौ भन नानीहरू मनले कति गुन्यौ ? (नाटक) कस कसलाई मन पऱ्यो ? (नाटक) कसलाई मन परेन ? (नाटक) मन नपरे किन परेन ? (तिमीहरूले) झट्ट मलाई भन । (तिमीहरूले) झट्ट मलाई भन ।

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका नामिक शब्दहरू विलुप्त भएका देखिन्छन् :

सूत्रधारले, सबैलाई, तपाइँहरूलाई, व्यक्ति, पानी, कुवा, तँलाई, कुवा, कुवा, तैँले, तैंले, तैंले, तँलाई, तैंले, तँ, तैंले, हर्के, मैले, तैंले, तैंले, तैंले, तैंले, हर्के, तैंले, तँ, पानी, तँ, तँ, तैँले, म, हामीले, हामी, तँ, तिमीहरू, तिमीहरूलाई, पानी, पानी, गङ्गाराम बा, बिर्खे, तँ, तैंले, तैंले, हर्के, मेरो, फैसला, तैंले, तैंले, तैंले, तैंले, तैंले, तैंले, पानी, मलाई, मेरो, तिमीहरूले, तिमीहरूले, तिमीहरूले, तिमीहरूले, नाटक, नाटक, नाटक, तिमीहरूले, तिमीहरूले ।

जम्मा सङ्ख्या : ६४

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा नामिक विलोपनको कुल सङ्ख्या ६४ रहेको देखिन्छ । जसमध्ये 'तँ' र यसका तिर्यक रूपको विलोपन अधिक मात्रामा भएको छ । एकाङ्कीमा व्यवहृत नामिक विलोपनको स्थितिले एकाङ्कीमा प्रस्तुत घटनाको बोधमा भने बाधा पारेको देखिँदैन । बरु एकाङ्कीको संरचनात्मक पक्षलाई सशक्त तुल्याएको पाइन्छ ।

क्रियात्मक विलोपन

'गङ्गारामको न्याय' एकाङ्कीमा विभिन्न किसिमका क्रियाहरू विलुप्त भएका छन् । जसलाई निम्नानुसारका वाक्यमा कोष्ठकभित्र राखी देखाइएको छ :

कस्तो, अचम्म (हो) ! गोजीबाट कागज निकाल्दै (भन्छ) । मैले त तँलाई कुवा पो बेचेको (हो) । कस्तो अन्याय (भयो) ? कुवा पो बेचेको (हो) । यस्तो पो न्याय (हो) त ! कुवा यसको (हो), पानी मेरो (हो) । कुवा बिर्खेको (हो) । पानी तेरो (हो) । कुवा बिर्खेको भएपछि अर्काको कुवामा पानी राख्ने तँलाई के अधिकार (छ) ? कुवा बिर्खेको (हो) । पानी तेरो (हो) । हात जोड्दै (भन्छ) । सबैलाई नमस्कार (छ) ।

INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका क्रियापदहरू विलुप्त भएका छन् :

हो, भन्छ, हो, भयो, हो, हो, हो, हो, हो, हो, छ, हो, हो, भन्छ, छ ।

जम्मा सङ्ख्या : १५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा कुल १५ ओटा क्रियापदको लोप देखिन्छ । प्रस्तुत एकाङ्कीमा विलुप्त क्रियापदले विलुप्त भएरै एकाङ्कीमा प्रस्तुत घटनालाई परस्परमा जोड्न महत्तम भूमिका निर्वाह गरेका छन् । फलस्वरूप एकाङ्की थप संसक्त बनेको देखिन्छ ।

उपवाक्यात्मक विलोपन

'गङ्गारामको न्याय' एकाङ्कीमा निहित उपवाक्यात्मक विलोपनलाई निम्नानुसारका वाक्यमा प्रस्तुत गरिएको छ :

गङ्गारामको नाटक (गङ्गारामको नाटक सुरु भयो) । किन हुँदैन ? (मैले भनेर किन हुँदैन ?) । दिन्नँ (कुवाको पानी दिन्नँ) । दिन्न भन्छ रे (हर्केले कुवाको पानी दिन्न भन्छ रे ?) । हो गङ्गाराम बा ! (एउटै गाउँमा बसेपछि एक-अर्काले मद्दत गर्नुपर्ने, मिलेर बस्नुपर्नेमा बेइमानी गरेर, झगडा गरेर नचाहिँदो कुरामा निहुँ खोज्ने हो भने कसरी उन्नति हुन्छ ?) ।

जम्मा सङ्ख्या : ५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त 'गङ्गारामको नाटक' पदावलीले 'गङ्गारामको नाटक सुरु भयो' भन्ने उपवाक्यलाई लोप गरेको छ । 'किन हुँदैन' उपवाक्यले 'मैले भनेर किन हुँदैन' भन्ने उपवाक्यलाई लोप गरेको छ । 'दिन्न' क्रियाले 'कुवाको पानी दिन्न' भन्ने उपवाक्यलाई लोप गरेको छ । 'दिन्न भन्छ रे' उपवाक्यले 'हर्केले कुवाको पानी दिन्न भन्छ' भन्ने उपवाक्यलाई लोप गरेको छ । त्यसैगरी 'हो गङ्गाराम बा' भन्ने भनाइले एउटै गाउँमा बसेपछि एक-अर्काले मद्दत गर्नुपर्ने, मिलेर बस्नुपर्नेमा बेइमानी गरेर, झगडा गरेर नचाहिँदो कुरामा निहुँ खोज्ने हो भने कसरी उन्नति हुन्छ ? भन्ने वाक्यलाई लोप गरेको छ । 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त यस किसिमका उपवाक्यात्मक लोपबाट एकाङ्कीमा प्रस्तुत विषयवस्तुलाई परस्परमा संयोजन गर्न सघाउ पुगेको देखिन्छ ।

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयोग गरिएका विलोपन संसक्ति र तिनको स्थितिलाई समग्रतः निम्नानुसार देखाउन सकिन्छ :

लोप संसक्ति	प्रयुक्त सङ्ख्या
नामिक विलोपन	६४
क्रियात्मक विलोपन	१५
उपवाक्यात्मक विलोपन	५
जम्मा	८४

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा ८४ ओटा विलोपन संसक्तिको प्रयोग गरिएको देखिन्छ । जसमध्ये नामिक विलोपनको प्रयोग अत्यधिक गरिएको छ भने उपवाक्यात्मक विलोपनको प्रयोग निकै कम मात्रामा गरिएको छ ।

संयोजन

'गङ्गारामको न्याय' एकाङ्कीमा निहित संयोजन संसक्ति र यसका योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक भेदहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

योगात्मक संयोजन

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयोग गरिएका निम्नानुसारका वाक्यमा योगात्मक संयोजक व्यवहृत भएको देखिन्छ :

सूत्रधार प्रवेश गर्छ र दर्शकतिर फर्केर अभिवादन गर्छ । तैंले मलाई बेचेको होस् कि होइनस् ? यस कागजमा कुवा बेचेको छ कि छैन ? लेख्ने तँ होस् कि होइनस् ? कुवा मैले किनेपछि पानी मेरो हुन्छ कि हुँदैन ? पैसा लिन बाँकी छ कि अरू नै कारण छ ? अब पैसा लिन बाँकी छैन । अनि किन पानी दिन्नँ भनिस् त ?

उल्लिखित वाक्यहरूमा प्रयुक्त योगात्मक संयोजकहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका योगात्मक संयोजकको प्रयोग गरिएको देखिन्छ :

र, कि, कि, कि, कि, कि, अनि ।

जम्मा सङ्ख्या : ७

यसअनुसार ‘गङ्गारामको न्याय’ एकाङ्कीमा जम्मा ७ ओटा योगात्मक संयोजकको प्रयोग गरिएको छ । एकाङ्कीमा प्रयुक्त योगात्मक संयोजकहरू तीन प्रकृतिका देखिएका छन् : र, कि अनि । यीमध्ये कि संयोजकको प्रयोग अधिक अर्थात् पाँचपटक आवृत्तिपूर्ण तरिकाले भएको छ भने र, अनि संयोजकको प्रयोग एकपटक भएको छ । एकाङ्कीमा प्रयुक्त योगात्मक संयोजकमध्ये अधिकांश संयोजकहरूले उपवाक्यात्मक संरचना (उपवाक्य-उपवाक्यका बिचको संरचना) लाई संयोजन गरेका छन् भने अनि संयोजकले वाक्येतर संरचना (वाक्य-वाक्यका बिचको संरचना) लाई संयोजन गरेको छ । प्रस्तुत एकाङ्कीमा प्रयुक्त र संयोजकले अघिल्लो उपवाक्य र पछिल्लो उपवाक्यका बिचको घटनालाई क्रमिक रूपमा जोड्ने काम गरेको छ भने कि संयोजकले अघिल्लो उपवाक्यमा प्रस्तुत घटना र पछिल्लो उपवाक्यमा प्रस्तुत घटनालाई विकल्पका रूपमा तथा प्रश्नार्थक रूपमा संयोजन गरेका छन् । त्यसैगरी अनि संयोजकले वाक्य-वाक्यमा प्रस्तुत घटनालाई सिलसिलेवर रूपमा जोड्ने काम गरेको छ । यस किसिमको संयोजनात्मक कार्य सम्पादन गरेकाले ‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त योगात्मक संयोजकहरूबाट एकाङ्कीलाई थप संसक्त तुल्याउन मदत पुगेको देखिन्छ ।

विपरीतार्थक संयोजन

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त निम्नानुसारका वाक्यहरूमा विपरीतार्थक संयोजकहरूको प्रयोग गरिएको छ :

सही पनि मैले नै गरेँ - तर हेर् बाबु ! मैले त तँलाई कुवा पो बेचेको, पानी त बेचेको होइन नि ! गङ्गाराम त के, भगवान् नै प्रकट भए पनि कागजको कुरा होइन भन्न सक्ने होइनन् होला ? यस कागजमा कुवा बेचेको कुरा प्रस्ट लेखिएको छ । तर, हर्केले ठिक भनेको हो, पानी बेचेको कुरा कहीँ पनि लेखिएको छैन । कुवा बिर्खेको, पानी तेरो, फैसला त सकियो । तर हेर्, कुवा बिर्खेको भएपछि अर्काको कुवामा पानी राख्ने तँलाई के अधिकार ? एक दिन, दुई दिन, दुई- चार दिन बस्न देलास् ! तर सधैं बस्न त पक्कै पनि नदेलास् ।

उल्लिखित वाक्यहरूलाई अवेक्षण गर्दा ‘गङ्गारामको न्याय’ एकाङ्कीमा निम्नानुसारका विपरीतार्थक संयोजकको प्रयोग गरिएको छ :

तर, पनि, तर, तर, तर ।

जम्मा सङ्ख्या : ५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा पाँच ओटा विपरीतार्थक संयोजकहरूको प्रयोग गरिएको छ । एकाङ्कीमा प्रयुक्त विपरीतार्थक संयोजकहरू दुई प्रकृतिका देखिएका छन् : 'तर', 'पनि' । यी संयोजकहरूमध्ये सबैभन्दा बढी 'तर' संयोजकको प्रयोग (चार पटक) भएको देखिन्छ भने 'पनि' संयोजकको प्रयोग एकपटक भएको देखिन्छ । 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त विपरीतार्थक संयोजकमध्ये 'तर' र 'पनि' संयोजकको प्रयोग अघिल्लो उपवाक्य र पछिल्लो उपवाक्य तथा अघिल्लो वाक्य र पछिल्लो वाक्यमा प्रस्तुत विषयवस्तुलाई विपरीतार्थी आशयमा संयोजन गर्न गरिएको देखिन्छ । यसबाट प्रस्तुत एकाङ्कीलाई संरचनात्मक दृष्टिले एकीकृत तुल्याउन सघाउ पुगेको छ ।

कारणात्मक संयोजक

'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त निम्नानुसारका वाक्यहरूमा कारणात्मक संयोजकको प्रयोग गरिएको देखिन्छ :

पानी नदिने भए म कुवा मात्रै किन्थैँ ? दिन्नँ । त्यसो भए हिँड् निसाफ माग्न गङ्गारामको घरमा । कागजमा पानी बेचेको कुरा कतै नदेखिएकाले तैँले पानी चलाउन पाउँदैनस् । मन नपरे किन परेन, झट्ट मलाई भन ।

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्की त्यसैले, तसर्थ, परिणामस्स्वरूप जस्ता कारणात्मक संयोजकको प्रयोग गरिएको नदेखिए पनि करणात्मक क्रियाविशेषणका रूपमा कार्य गर्ने संयोजकहरूको भने प्रयोग गरिएको देखिन्छ । यस भूमिकामा रहेका संयोजकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

भए, भए, नदेखिएकाले, नपरे ।

जम्मा सङ्ख्या : ४

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा चार ओटा कारणात्मक संयोजकहरूको प्रयोग गरिएको छ । एकाङ्कीमा प्रयुक्त कारणात्मक संयोजकहरू मूलतः

उपवाक्य-उपवाक्यलाई संयोजन गर्ने गरी उपस्थित भएका छन् । जसले कार्यकारणको भूमिका निर्वाह गरेका छन् । यस क्रममा ‘भए’ संयोजकले कुवा बेच्ने तर पानी नदिने वाक्यात्मक संरचनालाई तथा पानी नपाएपछि गङ्गारामको घरमा न्यायका निम्ति जाने वाक्यात्मक संरचनालाई कार्यकारणात्मक रूपले संयोजन गरेका छन् । ‘नदेखिएकाले’ संयोजकले कुवाको किनबेचमा गरिएको कागजमा कुवा बेचेको लेखिएको तर पानी बेचेको कुरा नलेखिएको सन्दर्भलाई कार्यकारणात्मक तरिकाले संयोजन गरेका छ । त्यसैगरी ‘नपरे’ संयोजकले नाटक मन नपर्नाको कारण सोधेको देखिन्छ । यसरी ‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त कारणात्मक संयोजकहरूले उपवाक्यहरूका बिच संरचनात्मक समन्वय स्थापित गर्न भूमिका निर्वाह गरेको देखिन्छ ।

कालिक संयोजक

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयोग गरिएको निम्नानुसारका वाक्यहरूमा कालिक संयोजकको प्रयोग देख्न सकिन्छ :

गङ्गारामको नाटक । सुरु भयो अब नाटक । हेर्नुहोला अब नाटक । यो कागजमा सही गर्ने बेलामा आँखा नदेख्ने, अहिले त्यो कुवाको पानी दिन्नँ भन्न लाज लाग्दैन ? मलाई के थाहा ? किन्ने बेलामा बुद्धि पुऱ्याउनुपर्थ्यो । गङ्गाराम आएर एकछेउमा बस्छन् । केही क्षणमा हर्के र बिर्खे दुवै मञ्चको अर्को भागबाट पस्छन् । नमस्कार, नमस्कार ! आज कताबाट आइपुग्यौ ? म भन्छु ।- अहिले पानी निकाल्न जाँदा यसले पानी दिन्नँ भन्छ । यसले पूरा पैसा दिइसकेको साँचो हो । अब पैसा लिन बाँकी छैन । खसी-बोका बेच्दा खसी मात्र बेचेको हो, मासु बेचेको होइन भन्न पाइन्छ र ! केहीबेर घोरिएर सोच्छन् । जेसुकै गर् । किन्ने बेलामा किन आँखा देखिनस् त ? पहिल्यै बुद्धि नपुऱ्याएपछि यस्तै हुन्छ । पख्-पख्, फैसला अझै सकिएको छैन । अब के बाँकी छ र ? तेरो घरमा यो बस्न आयो भने तँ यसलाई बस्न दिन्छस् ? एक दिन, दुई दिन, दुई-चार दिन बस्न देलास् ! तर सधैँ बस्न त पक्कै पनि नदेलास् । सधैँ बस्न दिन्छस् ? तैँले जुन दिन त्यो कुवा बेचिस्, त्यस दिनदेखि अर्काको कुवामा पानी राखेबापत दिनको दुई रूपैयाँ भाडा बिर्खेलाई दिनुपर्छ । हो, अहिले भने गङ्गाराम बाले चित्त बुझ्ने फैसला गरिदिनुभयो । तँ भन् तँलाई चित्त बुझ्यो कि बुझेन ? केहीबेर लाजले निहुरिन्छ । लौ भैगो-भैगो । अब तिमीहरू मिलेर जाओ ।

उल्लिखित वाक्यहरूलाई दृष्टिगत गर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा निम्नानुसारका कालिक संयोजकहरू प्रयोग गरिएको छन् :

अब, अब, बेलामा, अहिले, बेलामा, केही क्षणमा, आज, अहिले, अब, केहीबेर, बेला, पहिल्यै, अझै, अब, एक दिन, दुई दिन, दुई-चार दिन, सधैँ, सधैँ, जुन दिन, त्यस दिन, दिनको, अहिले, केहीबेर, अब ।

जम्मा सङ्ख्या : २५

यसअनुसार 'गङ्गारामको न्याय' एकाङ्कीमा जम्मा २५ ओटा कालिक संयोजकको प्रयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा प्रयुक्त कालिक संयोजकहरूमध्ये 'अब', 'बेला', 'दिन' जस्ता संयोजकको प्रयोग अधिक भएको देखिन्छ । निर्दिष्ट एकाङ्कीमा प्रयोग भएका कालिक संयोजकहरूले घटनाक्रमलाई क्रमिक रूपमा संयोजन गरेका छन् । यस क्रममा 'अब' संयोजकले नाटक प्रारम्भ हुन लागेको समय, 'बेला' संयोजकले कुवा किनबेचको कागज गर्ने समय, 'अहिले' संयोजकले कागज गरेको केही समयपछिको अवस्था, 'केही क्षण' संयोजकले हर्के र बिर्खे मञ्चमा आउने समय, 'आज' संयोजकले हर्के र बिर्खे गङ्गारामको घरमा पुगेको समय, 'अहिले' संयोजकले बिर्खेले पानी निकाल्न नपाएको समय, 'अब' संयोजकले पैसा लिन बाँकी नरहेको अवस्था, 'केहीबेर' संयोजकले गङ्गारामले केही सोचेको अवस्था, 'बेला' संयोजकले कुवा किनबेचको समय, 'पहिल्यै' संयोजकले कुवा किन्ने समय, 'अझै' संयोजकले फैसलाको अवधि, 'अब' संयोजकले फैसला सकियो भनी हर्केले सोचेको समय, 'एक दिन, दुई दिन, दुई-चार दिन' संयोजकले गङ्गारामले हर्केको घरमा कोही आएमा बस्न कति दिन दिने भनी जनाएको समय, 'सधैँ' संयोजकले बस्न आएको मानिस बस्ने समय, 'जुन दिन र त्यो दिन' संयोजकले कुवा किनबेचको समय, दिनको संयोजकले दैनिक समय, 'अहिले' संयोजकले गङ्गारामले गरेको अन्तिम समय, 'केहीबेर' संयोजकले फैसला सुनेपछि हर्के लजाएको समय, 'अब' संयोजकले गङ्गारामको फैसलापछि हर्के र बिर्खे फर्कन लागेको समयलाई क्रमिक रूपमा दर्साई एकाङ्कीमा प्रस्तुत विषयवस्तुलाई कालिक रूपमा संयोजन गरेका छन् । फलस्वरूप 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रस्तुत विषयवस्तु संरचनागत दृष्टिले एकीकृत बनेको देख्न सकिन्छ ।

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयोग गरिएका संयोजन संसक्ति र तिनको स्थितिलाई समग्रतः निम्नानुसार देखाउन सकिन्छ :

संयोजन संसक्ति	प्रयुक्त सङ्ख्या
योगात्मक संयोजक	७
विपरीतार्थक संयोजक	५
कारणात्मक संयोजक	४
कालिक संयोजक	२५
जम्मा	४१

उल्लिखित तालिकाअनुसार ‘गङ्गारामको न्याय’ एकाङ्कीमा कुल ४१ ओटा संयोजन संसक्तिको प्रयोग भएको देखिन्छ । एकाङ्कीमा सबैभन्दा बढी कालिक संयोजकहरूको प्रयोग भएको पाइन्छ भने सबैभन्दा कम कारणात्मक संयोजकको प्रयोग गरिएको पाइन्छ । निर्दिष्ट एकाङ्कीमा प्रयुक्त विभिन्न किसिमका योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक संयोजकहरूले घटनाहरूलाई क्रमिक रूपमा, विपरीत तात्पर्यमा, कार्य-कारणात्मक रूपमा र समयको सिलसिलामा संयोजन गरेका छन् ।

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त व्याकरणिक संसक्तिको समग्र स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

‘गङ्गारामको न्याय’ एकाङ्कीमा प्रयुक्त व्याकरणिक संसक्तिको समग्र स्थिति

व्याकरणिक संसक्ति	संसक्ति प्ररूप			प्रयुक्त सङ्ख्या
	व्यक्तिवाचक	दर्शकवाचक	तुलनात्मक	
सन्दर्भन	जम्मा : ८५	जम्मा : १५	जम्मा : ४	१०४

	नामिक	क्रियात्मक	उपवाक्यात्मक		
प्रतिस्थापन	जम्मा : -	जम्मा : १	जम्मा : ४		५
	नामिक	क्रियात्मक	उपवाक्यात्मक		
विलोपन	जम्मा : ६४	जम्मा : १५	जम्मा : ५		८४
	योगात्मक	विपरीतार्थक	कारणात्मक	कालिक	
संयोजन	जम्मा : ७	जम्मा : ५	जम्मा : ४	जम्मा : २५	४१
जम्मा व्याकरणिक संसक्ति सङ्ख्या : २३४					

यसप्रकार 'गङ्गारामको न्याय' एकाङ्कीमा चार ओटै प्रकृतिका व्याकरणिक संसक्तिको प्रयोग गरिएको छ । जसअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन रहेका छन् ।

निष्कर्ष

'व्याकरणिक संसक्तिका दृष्टिले गङ्गारामको न्याय एकाङ्की' शीर्षकमा आधारित प्रस्तुत अध्ययनबाट विभिन्न तथ्य प्राप्त गरिएको छ । जसलाई यसको निचोडका रूपमा उल्लेख गर्न सकिन्छ । प्रस्तुत एकाङ्कीमा व्याकरणिक संसक्ति र यसका चार ओटै प्ररूपको प्रयोग गरिएको छ । जसअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्ति रहेका छन् । यीमध्ये सन्दर्भन संसक्तिको सर्वाधिक प्रयोग गरिएको छ । जसको सङ्ख्या १०४ रहेको छ । एकाङ्कीमा सन्दर्भन संसक्तिपछि क्रमशः विलोपन, संयोजन र प्रतिस्थापन संसक्तिको प्रयोग गरिएको छ । जसको सङ्ख्या क्रमशः ८४, ४१ र ५ रहेको छ । सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा 'गङ्गारामको न्याय' एकाङ्कीमा अङ्ग्रेजी भाषामा जस्तो साझा नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापकहरूको प्रयोग गरिएको पाइँदैन । अन्य प्रकृतिका प्रतिस्थापकहरू (हेर्, केरे, आदि) को प्रयोग गरिएको छ । यस एकाङ्कीमा नामिक विलोपनअन्तर्गत नाम शब्दका अतिरिक्त सर्वनाम तथा सम्बन्धवाचक विशेषण शब्दहरूको समेत विलोपन गरिएको छ । साथै अङ्ग्रेजी भाषामा जस्तो किनकि, किनभने जस्ता कारणात्मक संयोजकहरूको प्रयोग नगरी भए, नदेखिएकाले,

नपरे जस्ता कारणात्मक क्रियायोगी शब्दहरूको प्रयोग गरिएको छ । समग्रतः 'गङ्गारामको न्याय' एकाङ्कीमा प्रयुक्त व्याकरणिक संसक्तिहरू पाश्चात्य भाषावैज्ञानिक हालिडे र हसनद्वारा प्रस्तुत अवधारणासँग मिल्दा देखिएका छन् । जसले एकाङ्कीमा प्रस्तुत विषयवस्तु र घटनाक्रमलाई उपयुक्त तरिकाले संयोजन गरी एकाङ्कीलाई एकीकृत र सुगठित तुल्याउन महत्तम भूमिका निर्वाह गरेका छन् ।

सन्दर्भ सामग्री

अमेरिकन साइकलजिकल एसोसिएसन (सन् २००९) *पब्लिकेसन म्यानुअल अफ द अमेरिकन साइकलजिकल एसोसिएसन* (सातौं सं), अथर ।

एलेन, जे. पि. बि. र कर्डर एस. पिट. (सम्पा.), (१९७८) *पेपर्स इन अप्लाइड लिङ्ग्विस्टिोक्स,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

कुमार, रञ्जित (सन् २००९), *रिसर्च मेथोडोलोजी अ स्टेप बाइ स्टेप गाइड फर बिगिनर्स,* पियर्सन एजुकेसन ।

डेन्जिन, के. एन. एम. र लिङ्कन, एस. आइ. (सम्पा.) (सन् २००५), *द सेज हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च,* सेज पब्लिकेसन ।

नुनन, डी. (१९९३), *इन्ट्रोड्युसिङ डिस्कोर्स एनलाइसिस,* पेन्गुइन बुक्स ।

विस्नेस्की, के. (२००६), *डिस्कोर्स एनलाइसिस,* इन्जिएल्स्की अनलाइन डट htm.

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

साल्के, आर. (१९९५), *टेक्स्ट एन्ड डिस्कोर्स एनलाइसिस,* राउटलेज ।

स्टब्ज, मिसेल (सन् २००१), कम्प्युटर एसिस्टेड टेक्स्ट एन्ड कर्पस एनलाइसिस : लेक्सिकल कोहिजन एन्ड कम्युनिकेटिभ कम्पिटेन्स, सिफ्रिन, डेबोरा, टनिन, डेबोरा र हमिल्टन, हेइडी (सम्पा) अन्तर्गत *द हेन्डबुक अफ डिस्कोर्स एनलाइसिस,*(पृ.३०४), ब्ल्याकवेल ।

हालिडे, एम. ए. के. र हसन, आर. (१९७६), *कोहिजन इन इङ्गलिस,* लङ्गम्यान ।

हालिडे, एम. ए. के. (१९८६), *एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामर,* एडवार्ड आर्नोल्ड ।

हालिडे, एम. ए. के. र हसन, आर. (१९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

होइ, मिसेल (सन् १९९१), *अन द सर्फेस अफ डिस्कोर्स,* जर्ज एलिन एन्ड अवविन ।

ह्याच, ए. (१९९४), *डिस्कोर्स एन्ड ल्याङ्ग्विज एजुकेसन,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ह्यारिस डी. पी. (सन् १९९०), द युज अफ अर्गनाइजिङ् सेन्टेन्सेज इन द स्ट्रक्चर अफ प्याराग्राफ इन साइन्स टेक्स्ट बुक्स, यु कनर एन्ड ए. एम. जोन्स (सम्पा), *कोहिरेन्स इन राइटिङ् : रिसर्च एन्ड पेडागोजिकल पर्सपेक्टिभ्स* (पृ. १९६-२०५), Alexandria, VAMTESOL.